# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कुन्जलापुर, रुपन्देही, लुम्बीनी प्रदेश

प.सं.:
च.नं.: ६९१

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

मिति : २०७८।०५।२५

श्री वडा कार्यालय सवै
तिलोत्तमा नगरपालिका ।

**विषय : हरियाली प्रबर्धन र नगर सरसफाई अभियान सम्वन्धमा ।**

प्रस्तुत विषयमा कार्यपालिकाको निर्णयानुसार प्रत्येक महिनाको १ र १५ गते संचालन गरिंदै आएको हरियालिी प्रबर्धन र नगर सरसफाई अभियान कोरोना महामारीका कारण केहि महिना प्रभावित भएको अवगत नै छ । सरसफाई कार्यलाई निरन्तरता दिंदै आ आफ्नो वडामा २०७८ आश्विन १ गते देखि नियमित रुपमा सरसफाई कार्यहरु गराउन देहायका वुंदाहरुलाई समेत आधार मानी आयाजना गर्नु हुन अनुरो छ ।

१. पुर्व तयारी वैठक आयोजना गरी सुचना आदान प्रदान कार्यक्रम सन्चालन हुने स्थान र समय तय गर्ने ।
२. सरसफाईका स्थानीय र घरेलु समग्रीको प्रयोगलाई प्रोत्साहन गर्ने ।
३. फोहरमैला उठाउनु पर्ने आवस्यकता महशुस भएमा फोहर ढुवानी गर्ने सवारी चालकलाई समयमा नै सम्पर्क गर्ने ।
४. हरियाली प्रबर्धन र नगर सर सफाई अभियान स्वयं सेवी भावनाले प्रेरित भएर सन्चालन गरिने कार्यक्रम हो भन्ने भावना स्थानीय सहभागीतालाई वोध गराउने ।
५. वडा कार्यालयले तोकेको स्थानमा टोलवासीहरुलाई आ आफ्नो घर, आंगन, टोल तथा पायक पर्ने स्थानमा भेला भएर सरसफाई कार्यक्रम सन्चालन गर्न आव्हान गर्ने ।
६. वडाका सवै घरधुरीहरुलाई आ आफ्नै घर वरीपरी अनिवार्य रुपमा सरसफाई कार्यक्रममा सहभागी हुन उत्प्रेरीत गर्ने ।
७. स्थानीय खानेपानी संस्थाका पदाधिकारी एवं संयन्त्रहरुलाई परिचालित हुने प्रबन्ध मिलाउने ।
८. अभियान संचालन हुने समय र स्थानको जानकारी यथासक्य नगरपालिकाको कार्यालयमा जानकारी गराउने ।

बोदार्थ:

- श्री वातावरण शाखा – आवस्यिक सहयोग पुर्याउने ।
- श्री सुचना प्रवीधि शाखा –वेभ पेजमा अद्यावधिक गर्ने ।

०७८-०५-२५
वासुदेव घिमिरे
नगर प्रमुख



visit nepal 2020
Scanned with CamScanner